कर्णाली प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय
जाजरकोट

पत्र संख्या: २०८३/०८४
चलानी नं.:

मिति: २०८३।०६।२८
ने.सं. ११४६ कौलाथ्व, चतुर्थी

## विजया दशमी, शुभ दीपावली तथा छठ पर्वको शुभ अबसरमा शुभकामना सन्देश तथा अपिल:

नेपालीहरुको महान चाड विजया दशमी, शुभ दीपावली तथा छठ पर्वको पावन अवसरमा जाजरकोटबासी आमाबुवा, दाजुभाई, दिदिबहिनीहरु लगायत स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दाजुभाई, दिदिबहीनिहरुमा सुख, शान्ति, समृद्धि, उत्तरोत्तर प्रगति एवं सुस्वास्थ्य तथा दिर्घायुको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु। हाम्रा मौलिक पहिचान, आस्था तथा धरोहरका रुपमा रहेका यस्ता पर्बहरुले हाम्रो समाजलाई भावनात्मक रुपमा जोडन, धार्मिक तथा सांस्कृतिक विरासतको जगेर्ना गर्न र सामाजिक सदभाव कायम गर्न महत्वपूर्ण भूमिका खेलेका हुन्छन। यस्ता पर्वहरुलाई अरुको देखासिकी गरी भडकिलो रुपमा नभई सामाजिक सदभाव देखिने गरी असत्य तथा अन्याय माथि सत्य र न्यायको जितको रुपमा मनाइनु आवश्यक छ। यी पर्वहरुले हामीहरुबीचको सामाजिक शान्ति, भाइचारा, सदभाव, सहिष्णुता, सम्बन्ध तथा एकतालाई आगामी दिनमा थप प्रगाढ बनाउन सहयोग पुर्याउने विश्वास लिएको छु।

चाडपर्वको समयमा बजारमा कालोबजारी, कृत्रिम अभाव सिर्जना, खाद्य मिसावट, आफूखुसी मूल्यबृद्धि गर्ने जस्ता अनुचित व्यापारिक तथा व्यवसायिक क्रियाकलापहरु हुनसक्ने सम्भावनालाई ध्यानमा राखी यस कार्यालयले जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, जिल्लास्थित विषयगत कार्यालयहरु लगायत बिभिन्न सरोकारवाला पक्ष तथा निकायहरुसँगको सहकार्य तथा समन्वयमा संयुक्त रुपमा बजार अनुगमन गर्दै आइरहेको बेहोरा सर्वविदितै छ। उपभोक्ताको स्वास्थ्य तथा हकहितको रक्षाका लागि सरकारको एक्लो प्रयास पर्याप्त नहुने र यसका लागि बस्तु तथा सेवाको उत्पादन तथा बिक्रिवितरण गर्ने जिल्लास्थित सबै उद्यमी/व्यवसायी र वस्तु तथा सेवाको उपभोग गर्ने सबै उपभोक्ताहरु उत्तिकै सजग, सचेत तथा जिम्मेवार हुनु आवश्यक हुन्छ। त्यसैले, सम्पूर्ण उद्यमी तथा व्यवसायीहरुलाई बस्तु तथा सेवाको उत्पादन, संचय, पैठारी तथा बिक्रिवितरण गर्दा उपभोक्ताको स्वास्थ्य तथा हकहितलाई विशेष रुपमा ख्याल गरिदिनुहुन म कार्यालयको तर्फबाट हार्दिक अपिल गर्दछु। साथै, सम्पूर्ण उपभोक्ताहरुलाई पनि उपभोक्ता स्वास्थ्य तथा हकहित प्रतिकूलका कार्यहरु कोही कसैबाट हुने गरेको वा हुँदै गरेको थाहा हुने बित्तिकै सोको सूचना जिल्ला प्रशासन कार्यालय/जिल्ला प्रहरी कार्यालय र यस कार्यालयमा उपलब्ध गराई सहयोग गरी दिनुहुन समेत अनुरोध गर्दछु। धन्यवाद।

२०८३/०६/२८
.........................
(जयराम बजगाई)
कार्यालय प्रमुख

"व्यावसायिक र सिर्जनशिल प्रशासन: विकास समृद्धि र सुशासन"

Website : jajarkot.oicp.gov.np E-mail : csidbjkt1@gmail.com ☎ 089-430034